राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ०८ २०८३ साउन ८ गते शुक्रवार (24 July 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## सिरहाबाट २१ लाखको अवैध मदिरा बरामद



दैनिक समाचारदाता
सिरहा,७ साउन । सशस्त्र प्रहरीले सिरहाबाट भारततर्फ तस्करी गर्न लागिएको करिब २१ लाख २७ हजार २१० रुपैयाँ बराबरको अवैध मदिरा तथा उक्त मदिरा ओसारपसारमा प्रयोग गरिएको कार नियन्त्रणमा लिएको छ।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण सिरहाका अनुसार बुधबार बिहान करिब २:०५ बजे भगवानपुर गाउँपालिका(३ धाँतीस्थित दशगजा नजिक सीमा क्षेत्रमा सीमा सुरक्षा गुल्म मुख्यालय इनर्वाबाट खटिएको ९ सदस्यीय मोबाइल गस्ती टोलीले शंकास्पद अवस्थामा रहेको डिएल(७ च ९७९२ नम्बरको सेतो मारुती सुजुकी कार जाँच गर्ने क्रममा ठूलो परिमाणमा अवैध मदिरा बरामद गरेको हो। बरामद मदिरामा ब्ल्याक ओक, अर्ना क्यान बियर, बाह्रसिङ्गे बियर तथा कस्तुरी मदिरा रहेका छन्।

सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण सिरहाका प्रमुख एसपी सुमनजङ थापा मगरका अनुसार कारसहित बरामद गरिएको मदिराको अनुमानित मूल्य २१ लाख २७ हजार २१० रुपैयाँ रहेको छ।

घटनापछि कार चालक फरार रहेको प्रहरीले जनाएको छ। फरार चालकको खोजी गर्नुका साथै बरामद मदिरा र कार सम्बन्धित निकायमा बुझाउने प्रक्रिया अघि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ।

# एक वर्षमा ३९ अर्ब ८९ करोडको धानचामल आयात



दैनिक समाचारदाता
काठमाडौं, ७ साउन । कृषिप्रधान देश नेपालमा मुख्य खाद्यान्न धान र चामलप्रतिको परनिर्भरता अझै उच्च रहेको भन्सार विभागको तथ्यांकले देखाएको छ। आर्थिक वर्ष २०८२/८३ मा नेपालले झन्डै ४० अर्ब रुपैयाँ बराबरको धान तथा चामल आयात गरेको छ।

गत आर्थिक वर्षमा नेपालले ७ लाख ४१ हजार ७०३ टन धान तथा चामल आयात गरेको, जसका लागि ३९ अर्ब ८९ करोड ५८ लाख रुपैयाँ विदेशिएको छ। अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा ७ लाख ७५ हजार २६८ टन धान तथा चामल आयात हुँदा ४० अर्ब १८ करोड ९७ लाख रुपैयाँ खर्च भएको थियो। यसअनुसार एक वर्षमा आयात परिमाण ३३ हजार ५६५ टन र खर्च २९ करोड ३९ लाख रुपैयाँले घटेको देखिन्छ।

यद्यपि समग्र आयात घटे पनि प्रवृत्तिमा परिवर्तन आएको छ। कच्चा धानको आयात घटेको छ भने तयारी चामलको आयात बढेको तथ्यांकले देखाएको छ।

गत आर्थिक वर्षमा नेपालले ४ लाख ७७ हजार ९०९ टन धान आयात गरेको, जसको मूल्य १९ अर्ब १४ करोड ५९ लाख रुपैयाँ रहेको छ। यसमध्ये २ हजार ९९३ टन धानको बिउ र ४ लाख ७४ हजार ९१५ टन कच्चा धान आयात भएको हो। अघिल्लो वर्ष भने ५ लाख ३३ हजार ७१५ टन धान आयात गर्दा २१ अर्ब ५२ करोड ३७ लाख रुपैयाँ खर्च भएको थियो।

यता तयारी चामलको आयात भने बढेको छ। आर्थिक वर्ष २०८२/८३ मा नेपालले २ लाख ६३ हजार ७९४ टन तयारी चामल आयात गरेको छ, जसका लागि २० अर्ब ७४ करोड ९८ लाख रुपैयाँ विदेशिएको छ। अघिल्लो वर्ष २ लाख ४१ हजार ५५३ टन चामल आयात हुँदा १८ अर्ब ६६ करोड ५९ लाख रुपैयाँ खर्च भएको थियो।

आयात गरिएको चामलमध्ये १ लाख ८३ हजार ११० टन मसिनो चामल, ७१ हजार ६२२ टन बासमती, ९ हजार ५२ टन कनिका तथा नगन्य मात्रामा ब्राउन राइस रहेको छ।

नेपालको धान तथा चामल आयातमा भारतको लगभग पूर्ण वर्चस्व कायम छ। कुल आयातको ९९ प्रतिशतभन्दा बढी हिस्सा भारतबाट आउने गरेको छ।

तथ्यांकअनुसार गत वर्ष आयात भएको ४ लाख ७४ हजार ९१५ टन कच्चा धान शतप्रतिशत भारतबाट आएको हो। ७१ हजार ६२२ टन बासमती चामलमध्ये ७१ हजार ६१७ टन भारतबाट आयात भएको छ भने चीन र कतारबाट परीक्षणका रूपमा नगन्य परिमाण मात्र आएको छ।

सबैभन्दा बढी आयात हुने मसिनो चामलमध्ये १ लाख ८२ हजार ४०५ टन भारतबाट आएको छ, जसको मूल्य करिब ११ अर्ब ९० करोड रुपैयाँ रहेको छ। बाँकी ६०९ टन भियतनाम, ६६ टन चीन, २६ टन थाइल्यान्ड र करिब ३ टन इटालीबाट आयात गरिएको छ।

त्यस्तै, ९ हजार ५२ टन कनिकामध्ये लगभग सम्पूर्ण भारतबाट आएको छ भने चीनबाट केवल ५ सय किलो मात्र आयात भएको छ। धानको बिउतर्फ २ हजार ६६९ टन भारत र ३२४ टन चीनबाट आयात भएको भन्सार विभागको तथ्यांकमा उल्लेख छ ।


## लागुऔषध दुर्व्यसन नियन्त्रण गरौं

- लागुऔषधबाट हुने स्वास्थ्य, सामाजिक र पारिवारिक असरबारे सचेत बनौं,
- युवा तथा बालबालिकालाई सिर्जनात्मक कार्यमा सहभागी गराऔं,
- साथीको दबाब वा गलत संगतबाट जोगिन प्रेरित गरौं,
- लागुऔषध कारोबार र दुर्व्यसनविरुद्ध सचेतना बढाऔं,
- समस्यामा परेकालाई घृणा होइन, सहयोग र पुनर्स्थापनाको अवसर दिऔं,
- परिवार, विद्यालय र समुदायबीच सहकार्य बढाऔं,
- लागुऔषध प्रयोग नगरौं/नगराऔं।

*लागुऔषधमुक्त, सुरक्षित र जिम्मेवार समाज निर्माणमा योगदान गरौं*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## माग पूरा नभएपछि डा. केसीको २४औं अनशन



दैनिक समाचारदाता
काठमाडौँ ७ साउन । डा. गोविन्द केसीले धनगढीमा आफ्नो २४औँ सत्याग्रह ( अनशन) बिहीबारदेखि धनगढीमा सुरु गरेका छन्। चिकित्सा शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधारको माग गर्दै लामो समयदेखि सङ्घर्षरत डा. केसीले सरकारले आफ्ना मागहरूप्रति संवेदनशीलता नदेखाएको भन्दै पुनः अनशनको बाटो रोजेका हुन्।

डा. केसीले यसपटकको अनशन मुख्य गरी गेटा मेडिकल कलेजलाई विश्वविद्यालय बनाउने प्रक्रियामा भएका राजनीतिक नियुक्ति र निजी स्वार्थ समूहको चलखेलका विरुद्ध केन्द्रित गरेका छन्।

उनले आफू गेटा मेडिकल कलेज वा विश्वविद्यालयको विरोधी नभएको प्रस्ट पार्दै त्यहाँ हुने नियुक्तिहरूमाथि प्रश्न उठाएका छन्।


डा. केसीले सार्वजनिक संस्थामा निजी मेडिकल कलेजसँग आबद्ध र स्वार्थ बाझिने व्यक्तिहरूलाई पदाधिकारी नियुक्त गरिनुले गेटाको भविष्य र चिकित्सा शिक्षाको गुणस्तरमा गम्भीर असर पर्ने दाबी गरे। उनले त्यस्ता स्वार्थ बाझिने पदाधिकारीहरूको नियुक्ति तत्काल खारेज गर्नुपर्ने माग राखेका छन्।

## अभियन्ता वेदिका केसी पक्राउ


दैनिक समाचारदाता
काठमाडौँ ७ साउन । प्रहरीले अभियन्ता वेदीका केसीलाई पक्राउ गरेको छ । केसीलाई बिहीबार पक्राउ गरिएको साइबर ब्युरोका एसपी दिलीप गिरीले रातोपाटीलाई बताए । ब्युरोले उनी विरुद्ध विद्युतीय कसुर सम्बन्धी मुद्दामा म्याद लिएर अनुसन्धान थालेको छ ।

आफूलाई धर्मभित्रको गलत प्रवृत्तिको भण्डाफोर गर्ने अभियन्ताको रूपमा चिनाउने वेदीका पछिल्लो समय चर्चामा थिइन् । उनी विरुद्ध कथावाचिका राधिका दासीले उजुरी गरेको बताइएको छ ।

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

**नैना होस्पिटल प्रा.लि.**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# मधेशमा कम्युनिष्टको भविष्य

नेपाल कम्युनिष्ट पार्टीका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनकपुरधाममा आयोजित प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रममा व्यक्त गरेको एउटा भनाइले वर्तमान राजनीतिक सन्दर्भमा विशेष अर्थ बोकेको छ। उनले मधेशमा पार्टीलाई सुदृढ बनाउन नसकिए देश र समग्र कम्युनिष्ट आन्दोलनले ठूलो क्षति व्यहोर्नुपर्ने चेतावनी दिएका छन्। यो अभिव्यक्ति केवल पार्टी कार्यकर्तालाई उत्साहित पार्ने राजनीतिक भाषण मात्र होइन, मधेशको राजनीतिक यथार्थप्रतिको स्वीकारोक्ति पनि हो।

मधेश नेपालको जनसंख्या, प्रतिनिधित्व र राजनीतिक शक्ति सन्तुलनका दृष्टिले अत्यन्त महत्वपूर्ण प्रदेश हो। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनापछि मधेशको राजनीतिक चेतना, पहिचान र अधिकारका मुद्दाले राष्ट्रिय राजनीतिलाई निरन्तर प्रभावित गर्दै आएको छ। यही कारण मधेशमा कुनै पनि राष्ट्रिय दलको प्रभाव कमजोर हुनु भनेको राष्ट्रिय राजनीतिक समीकरणमा समेत असर पर्नु हो। प्रचण्डले मधेशलाई पार्टी र राष्ट्र दुवैका लागि रणनीतिक क्षेत्रका रूपमा चित्रण गर्नु यसै वास्तविकताको प्रतिबिम्ब हो।

प्रतिनिधिसभा निर्वाचनअघि पार्टीको अवस्था सुदृढ रहे पनि अन्तिम समयमा भएका राजनीतिक घटनाक्रमले अपेक्षित परिणाम आउन नसकेको प्रचण्डको स्वीकारोक्ति आत्मसमीक्षाको संकेत हो। कुनै पनि राजनीतिक दलका लागि हार-जीतभन्दा महत्वपूर्ण कुरा आफ्ना कमजोरी पहिचान गरी सुधार गर्नु हो। यदि समीक्षा केवल औपचारिकतामा सीमित रह्यो भने त्यसको कुनै अर्थ हुँदैन। संगठनलाई जनतासँग जोड्ने, विश्वास पुनः स्थापित गर्ने र व्यवहारमा परिवर्तन ल्याउने क्षमता नै सफल आत्मसमीक्षाको मापन हो।

युवालाई नेतृत्वमा ५० प्रतिशतसम्म सहभागिता गराउने घोषणा पनि सकारात्मक सन्देश हो। तर नेतृत्वमा युवाको सहभागिता केवल संख्यात्मक प्रतिनिधित्वमा सीमित हुनुहुँदैन। उनीहरूलाई निर्णय प्रक्रियामा प्रभावकारी भूमिका, नीति निर्माणमा अवसर र कार्यान्वयनको जिम्मेवारीसमेत दिन सकिए मात्र त्यसले पार्टीमा नयाँ ऊर्जा ल्याउन सक्छ। अन्यथा यस्ता घोषणा विगतका धेरै प्रतिबद्धताजस्तै नारामै सीमित हुने जोखिम रहन्छ।

प्रचण्डले वामपन्थी शक्तिबीच सहकार्य र एकताको आवश्यकता पनि दोहोर्याएका छन्। नेपालको कम्युनिष्ट आन्दोलन विभाजन र पुनःएकीकरणको लामो चक्रबाट गुज्रिएको इतिहास छ। विचार, नेतृत्व र शक्ति सन्तुलनका कारण बारम्बार फुट्ने प्रवृत्तिले आन्दोलनको विश्वसनीयतामाथि प्रश्न उठाएको छ। त्यसैले एकताको आह्वानभन्दा बढी आवश्यक कुरा साझा उद्देश्य, लोकतान्त्रिक अभ्यास र संगठनात्मक अनुशासनको विकास हो।

यद्यपि, कार्यक्रममा राष्ट्रिय राजनीतिक मुद्दा, वर्तमान सरकारका नीति, आर्थिक संकट, महँगी, बेरोजगारी वा जनजीविकाका सवालमा प्रचण्डको मौनता पनि अर्थपूर्ण देखिन्छ। प्रमुख प्रतिपक्षी दलका नेताबाट जनताले सरकारका कमजोरीमाथि स्पष्ट धारणा र वैकल्पिक नीति अपेक्षा गर्छन्। तर प्रशिक्षण कार्यक्रम पार्टी संगठन केन्द्रित भएकाले उनले त्यसतर्फ धेरै ध्यान नदिनु स्वाभाविक मानिए पनि जनचासोका विषयमा स्पष्ट दृष्टिकोण प्रस्तुत हुन सकेको देखिएन।

मधेशमा पार्टी संगठन विस्तारका लागि कार्यकर्ताको उल्लेखनीय उपस्थिति उत्साहजनक पक्ष हो। तर भीडले मात्र राजनीतिक सफलता सुनिश्चित गर्दैन। जनताको विश्वास, स्थानीय मुद्दाप्रतिको संवेदनशीलता, सुशासनको प्रतिबद्धता र व्यवहारिक राजनीतिक संस्कारले मात्र कुनै दललाई दीर्घकालीन रूपमा बलियो बनाउँछ।

प्रचण्डले व्यक्त गरेको चेतावनीलाई कम्युनिष्ट आन्दोलनको आत्मसमीक्षाको अवसरका रूपमा लिन सकिन्छ। मधेशमा संगठन बलियो बनाउने लक्ष्य केवल पार्टी विस्तारमा सीमित नरही मधेशका नागरिकका वास्तविक समस्या समाधान गर्ने राजनीतिक इच्छाशक्तिसँग जोडिनुपर्छ। आखिर लोकतन्त्रमा कुनै पनि दलको सफलता नाराले होइन, जनविश्वास र कार्यसम्पादनले तय गर्ने गर्दछ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# सरकारको कार्यशैली सुधार्ने कि दुर्घटना निम्त्याउने ?

*भुवन केसी*

सगरमाथाको चुचुरोमा पुगेपछि ओर्लिनुको विकल्प छैन । ओर्लाइ कस्तो हुन्छ भन्ने कुरामै चुचुरोमा पुग्नुको वास्तविक अर्थ र महत्त्व त्यसमा निहित हुन्छ ।

संघीय संसदको प्रतिनिधिसभा निर्वाचनमा १८२ सिट प्राप्त हुँदा रास्वपाका लागि र प्रधानमन्त्री पदमा आसिन हुँदा बालेन्द्र शाहका लागि त्यो सगरमाथाको चुचुरोमा पुगेसरह हो ।

राजनीतिमा अपवाद र सम्भावनालाई नकार्न सकिँदैन । तर रास्वपा र बालेन्द्र शाहको यात्रा न त सँधै चुचुरोमा रहिरहन सक्छ, नत त्यस भन्दामाथि भर्याङ हालेर अझ उक्लिने सम्भावना हुन्छ ।

त्यसैले अब तलको यात्रा नै एकमात्र विकल्प हो । त्यो यात्रा सुरक्षित, सशुकल र सम्मानजनक हुन्छ या समान्य वा भयानक दुर्घटनामा परिणत भइ नसोचेका परिणामहरू देखापर्छन्, त्यसका लागि आगामी दिन कुर्नैपर्छ ।

तर प्राराम्भिक चरणमा देखा परेका प्रवृति र शैलीको समीक्षा गरी सुधार नगर्ने हो भने यात्रा सुरक्षित हुनेमा शंका गर्ने ठाउँहरू छन् । त्यसमध्ये केही प्रवृति र शैलीलाई यहाँ प्रस्तुत गरिएको छ :




***हतारमा ओली र लेखकको गिरफ्तारी***

गौरीबहादुर कार्की अध्यक्ष रहेको भदौ २३ र २४ को घटनासम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन साङ्गोपाङ्गो अध्ययन नै नगरी पूर्व प्रधानमन्त्री केपीशर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई हतार-हतार गिरफ्तार गरियो ।

२०८२ साल भदौ २३ र २४ गतेको घटनाका बहुआयामिक पक्षलाई बेवास्ता गर्दै निजामती कर्मचारी र सुरक्षा निकायका अधिकारीहरुलाई 'विषेश छुट' दिइने गरी सरकारले तत्काल चालेका कदम आवेग र प्रतिशोधका परिणाम थिए भन्ने घटनाक्रमले देखाइसकेका छन् ।

शक्ति, ठाउँ र प्रकृति फरक हुन सक्छन् । तर भदौ २३ र २४ का घटनाका दोषीहरुलाई तर्कका आधारमा होइन, विशेष तयारीपछि तथ्य र प्रमाणका आधारमा भूमिका र कानुन अनुसार कारवाही हुनुपर्दथ्यो ।

कानुनी राजमा आफू, आफ्ना र अर्का भन्दै फरक-फरक ढंगले हेर्न, व्यवहार गर्न र उपचार खोज्न न हिजो मिल्थ्यो न भोलि मिल्छ ।

त्यसैगरी सुशासनका नाममा पर्याप्त प्रमाणबिना गरिएका कतिपय गिरफ्तारी र त्यसपछि अदालतबाट भएका रिहाइका घटनाले पनि सरकारको कार्य शैली, निर्णय प्रक्रिया, अनुसन्धानको तरिका र विधिको शासनमाथि गम्भीर प्रश्न खडा गरेका छन् ।

***बिना तयारी सुकुमवासी बस्तीमा डोजर***

नेपालमा लामो समयदेखि सुकुमवासी, भूमिहिन दलित र अव्यवस्थित बसोबासीको समस्या रहँदै आएको छ । राष्ट्रिय भूमि अधिकार मञ्चका अनुसार देशभर गरी उनीहरूको संख्या करिब १३ लाख छ ।

झट्ट हेर्दा चुड्कीका भारमा समस्या समाधान गर्न सकिन्छ भन्ने लागेपनि यसको जरा निकै गहिरो छ । सरकारले राजधानीमा डर, त्रास सिर्जना गर्दै बल प्रयोग गरेर प्रमुख स्थानका सुकुमवासी बस्तीहरू भत्कायो ।

निर्वाचनका बेला लालपूर्जा पाइने आशमा रास्वपालाई भोट हालेका बस्तीमा डोजर चलाएर उनीहरूको भावनामा कुठराघात गर्यो । यही बेलामा दुई जना सुकुमवासीले आत्महत्या गरे ।

पर्याप्त अध्ययन, वैकल्पिक व्यवस्थित व्यवस्था गरेको भए समस्या समाधान असम्भव थिएन र अरु ठाउँको समस्या समाधान गर्नका लागि नमुना पनि बन्न सक्थ्यो । तर तयारी बिनै गरिएको हस्तक्षेप सरकारका लागि अहिले पनि निल्नु न ओकल्नुको अवस्था बनेको छ ।

***राजनीतिक नियुक्ति खारेज***

सरकार परिवर्तन भएसँगै राजनीतिक नियुक्तिहरू स्वतः परिवर्तन हुन सक्छन् । राजनीतिक नियुक्तिको उद्देश्य सरकारलाई सहयोग गर्नु हो । तर कुन राजनीतिक नियुक्त हो र कुन होइन भनेर छुट्टाउनुपर्ने थियो । र, नियुक्तिको प्रकृति र संस्थागत प्रभावकारितालाई हेर्नु पर्थ्यो । असर समेत आंकलन गर्नु पर्थ्यो । सरकारले त्यसो गरेन ।

'मेरो कित्तामा आउ र पुनः नियुक्ति लिउ, होइन भने जाउ' भन्ने शैलीमा सबै नियुक्तिलाई एउटै कोटीमा हालेर खारेज गरियो । स्वतन्त्र, प्रतिष्पर्धात्मक र पारदर्शी नियुक्ति गर्ने घोषणा गरिएपनि अहिलेसम्म सबै ठाउँमा नियुक्ति हुन सकेको छैन । कतिपय नियुक्ति र नियुक्त भएका व्यक्तिहरूबारे प्रश्न उठाइएका छन् ।

***सरकारी सूचनामा एकाधिकार***

मिडियामा समानुपातिक विज्ञापन प्रणाली लागु हुन सकेको छैन । आर्थिक पक्षलाई लिएर सरकारी सूचना तथा विज्ञापनको प्रकाशन तथा प्रसारण प्रक्रियामा समस्या छ । यसमा सुधार गर्न जरुरी मात्र होइन, अनिवार्य भइसकेको छ ।

तर सुधार गर्नुको सट्टा सरकारले निजी सञ्चार माध्यममा जाने सरकारी सूचना तथा विज्ञापनलाई सरकारका मातहतमा रहेका भनिएका सञ्चार माध्यममै सिमित गर्यो । यो मुद्दा नेपालमा मात्र नभई अन्तर्राष्ट्रिय तहमा समेत पुगिसकेको थियो । अन्ततः सर्वोच्च अदालतले सरकारी निर्णय खारेज गरिदियो ।

***सम्पत्ति छानबिन आयोग***

नेपालमा भ्रष्टाचार र बेथिति छ । मिडियामा आउने सामग्री, अख्तियार अनुसन्धान आयोगका प्रतिवेदन, महालेखा परीक्षकका प्रतिवेदन र विभिन्न अनुसन्धानहरूले पनि त्यसबारे बुझ्न थप सहयोग पुर्याउँछन् । छानबिन गरी भ्रष्टाचारमा संलग्नलाई कारबाही गर्नुपर्छ । त्यही उद्देश्यका लागि सरकारले सम्पत्ति छानबिन आयोग गठन गर्यो । आफूहरूलाई छानबिन नगर्ने र अरुहरूलाई मात्र लक्षित गर्ने नियतले गठन गरिएको आरोप लागेको आयोगलाई सर्वोच्च अदालतले अर्को आदेश नहुँदासम्म काम कारबाही रोक्न आदेश दिएको छ ।

***ट्रेड युनियन र विद्यार्थी संगठन खारेज गर्ने प्रयास***

सरकारले निजामती कर्मचारीको ट्रेड युनियनसँग सम्बन्धित संगठनहरू तथा विद्यार्थी संगठनहरू खारेज गर्न पहल गर्यो ।

ट्रेड युनियन र विद्यार्थी संगठनका कार्यशैली र प्रवृत्तिहरूमाथि गम्भिर बहस र समीक्षा गर्न सकिन्छ । तिनका कमजोरी सुधार्दै संगठनहरूलाई सिर्जनात्मक र जिम्मेवार भूमिकामा रुपान्तर गर्न पनि सकिन्छ ।

तर संगठनमाथि नै प्रतिबन्ध लगाउने वा खारेज गर्ने प्रयास लोकतान्त्रिक चरित्रभित्र पर्दैन भन्ने हेक्का सरकारले राख्नु पर्ने थियो ।

त्यसतर्फ पर्याप्त विचार पुर्याएको देखिँदैन । संगठनहरू नहुँदैमा राजनीति ठप्प वा निष्क्रिय हुन्छ र सरकारले जे गरेपनि हुन्छ भन्ने सरकारी मान्यतालाई अस्थायी कर्मचारी हटाउने सरकारी तयारीविरुद्ध उनीहरूले सिंहदरबारस्थित अर्थ मन्त्रालयमा गरेको आन्दोलन र त्यसमा सरकारले गरेको सम्झौताले खण्डित गरिसकेको छ ।

***गृहमन्त्री र अर्थमन्त्रीलाई सफाइ***

गृहमन्त्री सुधन गुरुङ सम्पत्ति र शेयरसँग सम्बन्धित विवादमा परे भने अर्थमन्त्री स्वर्णिम वाग्ले बजेटका बेला विवाइडी गाडी आयात हुँदा भन्सारमा चलखेल भएको विषयमा विवादमा परे ।

गृहमन्त्रीबाट राजीनामा दिएका गुरुङलाई प्रतिवेदनले सफाइ दिएको भन्दै पुनः गृहमन्त्री बनाइयो । तर प्रतिवेदन सार्वजनिक गरिएन । त्यसैगरी अर्थमन्त्री वाग्लेको संलग्न नरहेको दाबी गरियो ।

त्यससम्बन्धी पनि प्रतिवेदन सार्वजनिक भएन । पारदर्शिता र जवाफदेहिताको कुरा गर्ने तर प्रतिवेदन सार्वजनिक नगरी सफाइ दिने प्रवृति पनि आलोचना भन्दा माथि छैन ।

***मिडियाका गेटमा गाडी***

सबै सत्तारुढ दल र सरकार उस्तै हुँदैनन् । त्यसैगरी सबै सञ्चार माध्यम पनि सँधै उस्तै हुँदैनन् । सत्तामा हुँदा र प्रतिपक्षीमा हुँदा मिडियालाई हेर्ने दृष्टिकोणमा फरक पाइन्छ । कतिपय मिडियाले पनि शक्ति र स्वार्थअनुसार रंग बदल्ने गरेका उदाहरण छन् । त्यति हुँदैपनि प्रश्न र आलोचना सत्ताका लागि प्रायः प्रिय हुँदैन । मिडियाबारे धेरै बहस गर्न सकिन्छ । तर आफ्नो अनुकुल मात्र मिडिया चलोस् भनेर मिडियामाथि अवरोध सिर्जना गर्नु वा गराउनु कुनै पनि हातलमा शोभनीय कार्य होइन ।

असार २९ गते संगठित रुपमा अनलाइनखबर, हिमालय टिभी र कान्तिपुर पब्लिकेसन्स्को कार्यालयको गेटअगाडि गाडी तेर्स्याइयो । घटनाक्रम हेर्दा यसमा राज्यद्वारा संरक्षित 'गिरोह'को संलग्नता थियो भन्न सक्ने धेरै आधार छन् ।

***अख्तियारको जबर्जस्त मुद्दा***

ठूला ठेक्का-पट्टा र खरिद-बिक्रमा अनियमिता हुन सक्छन् । तर भएका सबै कारोबार भ्रष्टचारकै उदाहरण हुन् भन्ने निष्कर्ष

बाँकी पृष्ठ ३मा

# सरकारको कार्यशैली.........

निकाल्न मिल्दैन । त्यसका लागि तथ्य र प्रमाणको सूक्ष्म परीक्षण आवश्यक हुन्छ ।

तर पासपोर्ट छपाइसम्बन्धी ठेक्का प्रकरणमा सरकारको हस्तक्षेप प्रश्नयोग्य मात्र होइन, अक्षम्य देखिन्छ । सुझाव दिन सकिन्छ ।

शंका लागे छानबिनका लागि अनुरोध गर्न सकिन्छ र सहज वातावरण निर्माण गरिदिन सकिन्छ । तर आजै 'यो गर' र 'त्यो गर' भनेर निर्देशन दिने अधिकार हुँदैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई दबाबमा पारेर जबर्जस्ति विशेष अदालतमा भ्रष्टचारको मुद्दा दायर गराउनु बिडम्बनापूर्ण घटना हो ।

***गणेश नेपालीको आत्मदाहको प्रयास***

असार २५ गते मुगुका २५ वर्षिय गणेश नेपाली काठमाडौंको त्रिपुरश्वरस्थित राहदानी विभागको कार्यालय अगाडि दिउँसै आत्मदाहको प्रयास गरे ।

जलेको अवस्थामा अस्पताल पुर्याएका नेपालीको उपचारका क्रममा मृत्यु भयो । राइडरको काम गर्दै आएका नेपालीले पेट्रोल छर्केर आत्मदाहको प्रयास गर्नुमा उनको मोटरसाइलकमा ह्विल लक र नगर प्रहरीसँगको विवाद भनियो ।

राजधानीको केन्द्रमा दिउँसै एउटा युवाले आत्मदाहको प्रयास गर्नु सरकारलाई मात्र होइन, राज्य संयन्त्रलाई नै झस्काउने घटना थियो । सो घटनाको धेरैतिरबाट विरोध भयो ।

अन्तत : घटनाको छानबिन गर्न, मृतक परिवारलाई राहत उपलब्ध र रोजगारी उपलब्ध गराउन काठमाडौं जिल्ला प्रशासन कार्यालय, काठमाडौं महानगरपालिका र मृतकका परिवारबीच ९ बुँदे सहमति भयो ।

***शिक्षा, स्वास्थ्य र विद्युत कर***

सरकारको आम्दानीभन्दा खर्च बढी छ । महालेखा नियन्त्रकको कार्यालयका अनुसार आर्थिक वर्ष २०८२ /०८३ मा सरकारी वित्त दुई खर्ब रुपैयाँ भन्दा बढी घाटामा छ ।

लक्ष्य अनुसार राजस्व संकलन भएन । त्यसैले सरकार आम्दानीका स्रोत बढाउनुपर्ने दबाबमा छ । यसैक्रममा सरकारले चालू आर्थिक वर्षदेखि निजी शिक्षा र स्वास्थ्यमा ३ प्रतिशत समता कर, राइड सेयरिङमा ५ प्रतिशत कर, ५० युनिटमाथि विद्युत् खपत गर्ने ग्राहकबाट अतिरिक्त ५ प्रतिशत भ्याट लगाउने लगायतका व्यवस्था गर्यो । शिक्षा, स्वास्थ्य, राइड सेयरिङ कर लागू हुन सुरु भइसकेका थिए । व्यापक विरोध भएपछि शिक्षा र स्वास्थ्य करबाट सरकार पछि हटेको छ । केही समयपछि विद्युत क्षेत्रमा पनि कर लागू हुने अवस्था छ । आमनागरिकलाई प्रत्यक्ष असर पार्ने र महङ्गी बढाउन समेत भूमिका खेल्ने भन्दै नयाँ कर नीतिप्रति विरोध र असन्तुष्टका स्वरहरू बढ्दै छन् ।

***र, अन्त्यमा***

निर्वाचनमा प्राप्त जनमतले रास्वपाप्रति ज्यादै धेरै अपेक्षा गरिएको देखाउँछ । तर सरकार गठन भएको चार महिना पुग्दा नपुग्दै सरकार प्रमुखलाई संवैधानिक परिषद् सम्बन्धी नयाँ व्यवस्था गरी आफ्नो अनुकुलको प्रधानन्यायाधीश ल्याउन प्रयास गरेको , संगठित अपराधसम्बन्धी मुद्दा फिर्ता लिने पहल कदमी चालेको, मुख्य सचिव नियुक्तिमा मर्यादाक्रमलाई बेवास्ता गरेको, नेपालले भारतको सीमा मिचेको भन्दै संसदमा अभिव्यक्ति दिएको आरोप लगाउँदै आलोचना बढ्दै गएको छ ।

त्यसैगरी गणतन्त्र र लोकतन्त्र तथा संघीयताप्रति पर्याप्त र भरपर्दो प्रतिबद्धता नदेखाएको, राष्ट्रपतिप्रति सम्मानभाव व्यक्त नगरेको, विधिको शासन, संसदप्रति अपनत्व र जवाफदेहिता नदेखाएको, सिमित घेराबन्दीमा रहनेको र प्रश्नको सामना नगरेको लगायतका आरोप पनि लाग्ने गरेको छ ।

नयाँ गरौं, छिटो गरौं, सुशासन कायम गरौं र सार्वजनिक सेवा प्रवाहलाई सहज बनाऔं भन्नु सकारात्मक पक्ष हुन् । तर समग्र पक्षमा सकारात्मक परिणाम ल्याउन र त्यसलाई दीर्घकालीन बनाउन गतिसँगसँगै मति पनि ठीक हुनु पर्छ ।

अहिलेसम्म हेर्दा सरकारको गति र मति प्रतिपक्षीमा बस्ने दलहरुलाई मात्र होइन, सुशासन, विधिको शासन र सेवा सुविधामा धेरै सहज र महङ्गी नियन्त्रणसहित मुलुकको कायापल्ट हुने ठूलो आशसहित २०८२ साल फागुनमा सम्पन्न आमनिर्वाचनमा रास्वपाले प्राप्त गरेको झण्डै दुईतिहाइको जनमतलाई नै झस्काउने खालका छन् । विधि, प्रक्रिया तथा विगतमा स्थापित मूल्य-मान्यताहरुलाई समेत ख्याल नगरी जनअपेक्षालाई समेत बेवास्ता गर्दा जुनसुकै बेला दुर्घटना हुन सक्छ । त्यसैले समग्र पक्षको समयमै समीक्षा गरी गति र मतिलाई सुधार्दै भय र डर सिर्जना गरेर होइन कि विश्वासमा लिएर सुरक्षित, सकुशल र सम्मानजनक यात्रातर्फ अघि बढ्नु नै हितकर देखिन्छ । साभारः अनलाइनखबरडकम

# मानिसलाई कसले मार्छ : प्रकृति वा आत्महत्या ?

गोपाल बहादुर बोहरा,
परामर्श मनोविद्

संसारमा दुई प्रकारका मानिस छन् । एकथरी जसले आफूले आफैलाई अमर ठान्छन् । आफू हिँडेको बाटो उत्तम भनि दाबी गर्छन् । आफ्नो विचारलाई अरुकालागि मानक बनाउने प्रयास गर्छन्। उनीहरु आफू चन्द्रलोकमा जन्मिएर पृथ्वी घुम्न आएको जस्तो गर्विलो भाषामा कुरा गर्छन् । अर्को थरी भने आफूले जेसुकै राम्रो गरेपनि आफैलाई दोषी देख्छन्। निरह ठान्छन् । सायद यही



आत्मग्लानी र निरन्तरको निराशाले जीवनलाई अन्त्य गर्ने निर्णय सम्म पुऱ्याउँछ कि?

मानिस जुनसुकै धरातलमा जन्मिए पनि सबैमा एउटा मस्तिष्क छ । यही मस्तिष्क भित्र खुशी, दुःख, पीडा आफूलाई अन्त्य गर्ने विचार वा अनन्त कालसम्म बाँच्ने इच्छा अटाएका हुन्छन्। मानव इतिहासमा जीवन र मरणका कथाहरू पनि थुप्रैपटक लेखिए । कोही बहादुर वैभवले भरिपूर्ण भएर पनि आत्महत्या रोजे । कसैले रोगव्याधि, पीडा सहेर पनि पुरा जीवन सङ्घर्ष गरे । जीवनको अन्तिम सास रहेसम्म बाँचे। यद्यपि, समाजमा आत्महत्या गर्नेहरुको इतिहास सबैकालमा कलङ्कित छ । डर, लाज र त्रास सँग जोडिएको देखिन्छ । आत्महत्याका घटनालाई लुकाइन्छ । समाजले कलङ्कित गर्छ । परामर्श मनोविज्ञान अध्ययनको क्रममा र पछि काम गर्ने क्रममा आत्महत्याबाट ज्यान गुमाएकाहरुका घटनाको कथा सुनें, देखें र बुझ्ने अवसर पाएँ। मनोसामाजिक परामर्शकर्ताहरुलाई सुपरिवेक्षणको क्रममापनि यस्ता अनुभव दोहोरिरहे। तर एउटा प्रश्नले सधैं पछ्याइरह्यो, आखिर मानिस किन आफ्नै जीवन अन्त्य गर्न तयार हुन्छ? किन बाँच्न मन नलाग्ने अवस्था आउँछ? कि आवेगको परिणाम हो वा आशा सकिएको अनुभूति भएर वा मानसिक रोगको प्रभाव ?

यसको उत्तर सरल छैन । यसको कारण बहुआयामिक रहेको विभिन्न अध्ययनले देखाएका छन्। यसको परिणामलाई जैविक, मानसिक, सामाजिक र सांस्कृतिक पक्षहरुमा बाँडेर हेर्न सकिन्छ। केही मानिस तनाव, डिप्रेसनसँग जुधिरहेका हुन्छन्। कोही आफन्तको मृत्यु, रोगव्याधि, बिछोड दीर्घ रोग वा आर्थिक संकट भोगिरहेका हुन्छन्। कतिपयले सामाजिक लाञ्छना, भेदभाव र सम्बन्ध विच्छेदबाट गुज्रिनु परेको हुन्छ। मैले एक ठाउँमा पढेको थिए, "मानिस जन्मिदा त परी भएरै जन्मिन्छ तर पछि समाजले भ्यागुता बनाइदिन्छ" । सायद यो कथनले मानिसमा पर्ने सामाजिक नकारात्मक प्रभावलाई बुझाउन खोजेको होला।

विश्वमा हरेक वर्ष सात लाखभन्दा बढी मानिसले आत्महत्याका कारण ज्यान गुमाउने गरेको विभिन्न अध्ययनले देखाएका छन् । एरिस्टोटल देखि सकारात्मक मनोविज्ञानको मुल मान्यता के हो भने मानिसले सुख र सन्तुष्टि खोज्छ। त्यसैगरि चार्ल्स डार्विनको जीवन रक्षा सिद्धान्त अनुसार जीवन जिउने इच्छा जन्मजातै हुन्छ वा सयौं वर्ष बाँच्न मन लाग्छ । डा. मार्क ल्यारीले आत्महत्याको बाटो रोज्ने व्यक्तिले पनि ाथमिक रूपमा आफ्नो ावनलाई अन्त्य गर्न चाहेको ैनन् भनेर व्याख्या गरेको ईन्छ ।

ात्महत्याको कारण व्यक्तिले ावल आफूलाई मात्रै माउँदैन । उसले विभिन्न श्रित व्यक्तिहरूलाई पीडामा ाडेर गएको हुन्छ । यसले फूसँगै परिवार र समाजलाई ने प्रभावित गर्ने हुन्छ । केही ध्ययनको एउटा आत्महत्याले ३५ जनालाई प्रत्यक्ष प्रभाव ार्न सक्ने देखाएका छन्। चेकाहरू शोक, अपराधबोध, माईको पीडा, सामाजिक ान्छना र कलंकका सिकार एका हुन्छन् । हरेक वर्ष प्टेम्बर १० मा विश्व ात्महत्या रोकथाम दिवस् नाईन्छ । नेपालमा दैनिक रदर २० जनाको आत्महत्याको कारण मृत्यु हुने गरेको देखिन्छ।

मनोविज्ञानका अनुसार आत्महत्या प्रायः जीवन समाप्त पार्ने इच्छा मात्र होइन, असह्य मानसिक र भावनात्मक पीडा, परिस्थितिजन्य तनाव, मन तथा भावनाको रोग लागेर वा आशा सकिए पछि आत्महत्याको बाटो रोजेका हुनसक्दछन्। तर हाम्रो समाजमा आत्महत्याको बारेमा खुलेर छलफल भएको देखिदैन् । यदि यो विषय खुला छलफल भएमा र रिपोर्टिङमा आएमा आत्महत्या रोकथामका लागि योजना बनाउन मद्दत मिल्दछ । यसका लागि सामुदाय, विद्यालय, कार्यस्थल वा हरेक ठाउँमा खुला छलफल गरिनुपर्दछ ।

यसमा सञ्चार माध्यमको भूमिका पनि महत्त्वपूर्ण हुन्छ। आत्महत्याका घटनालाई सनसनीपूर्ण ढंगले प्रस्तुत गर्नुको सट्टा, आशा तथा जीवनमा पाएका सफलताका कथाहरुलाई स्थान दिइनुपर्दछ। त्यसैगरी, विश्व स्वास्थ्य सङ्गठनको सिफारिस गरे अनुसार, आत्महत्या गर्न प्रयोगहुनसक्ने स्रोतहरूको पहुँचलाई कम गर्ने, युवा-युवतीहरूलाई जीवन जीउने सीप सिकाउने, जोखिममा रहेका व्यक्तीलाई समयमै पहिचान गरी उपचारमा जोड्ने र प्रभावकारी नीति तथा रणनीति लागु गर्ने कुरालाई प्राथमिकता दिनुपर्दछ।

आत्महत्या रोकथाम सबैको साझा जिम्मेवारी हो। आत्महत्याका संकेतहरुलाई समयमै पहिचान गरी आवश्यक सहयोग उपलब्ध गराउन र उपचारमा जोड्न सके धेरै जीवन बचाउन सकिन्छ । आवश्यकता परे नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न वा मनोसामाजिक परामर्शकर्ता, मनोविद, मनोचिकित्सक तथा आत्महत्याको रोकथामका लागि राष्ट्रिय हेल्पलाइन ११६६ मा फोन गरी निःशुल्क मनोपरामर्श सेवा लिन सकिन्छ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# १३४ देशसँग व्यापार घाटा, २८ सँग मात्र नाफा

दैनिक समाचारदाता

काठमाडौं ७ साउन। आर्थिक वर्ष २०८२/८३ मा नेपालले विश्वका १३४ देशसँग व्यापार घाटा व्यहोरेको छ भने २८ देशसँग मात्र व्यापार नाफा गर्न सफल भएको छ। भन्सार विभागले सार्वजनिक गरेको तथ्यांकले नेपालको वैदेशिक व्यापार अझै आयातमुखी रहेको स्पष्ट देखाएको छ।

विभागका अनुसार समीक्षा अवधिमा नेपालको कुल व्यापार घाटा १७ खर्ब ८१ अर्ब ८ करोड रुपैयाँ पुगेको छ। यस अवधिमा २० खर्ब ९६ अर्ब रुपैयाँ बराबरको वस्तु आयात हुँदा ३ खर्ब १५ अर्ब रुपैयाँ बराबरको मात्र निर्यात भएको छ। नेपालको सबैभन्दा ठूलो व्यापार घाटा छिमेकी मुलुक भारत र चीनसँग रहेको छ। भारतबाट १२ खर्ब १० अर्ब रुपैयाँ बराबरको वस्तु आयात भएको छ भने नेपालबाट भारततर्फ २ खर्ब ५८ अर्ब रुपैयाँ बराबरको मात्र निर्यात भएको छ। यससँगै भारतसँग नेपालको व्यापार घाटा ९ खर्ब ५१ अर्ब रुपैयाँ पुगेको छ।

त्यसैगरी, चीनबाट ४ खर्ब २५ अर्ब रुपैयाँ बराबरको आयात हुँदा निर्यात १ अर्ब ८९ करोड रुपैयाँमा सीमित रह्यो। यसले




चीनसँग नेपालको व्यापार घाटा ४ खर्ब २३ अर्ब रुपैयाँ पुगेको देखाएको छ।

छिमेकी मुलुकपछि नेपालले सबैभन्दा ठूलो व्यापार घाटा अर्जेन्टिनासँग बेहोरेको छ। अर्जेन्टिनाबाट १ खर्ब १६ अर्ब ३८ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ भने नेपालबाट त्यहाँ १८ हजार रुपैयाँ बराबरको मात्र निर्यात भएको छ। मुख्यतः तेलजन्य कच्चा पदार्थको आयातका कारण अर्जेन्टिनासँगको व्यापार घाटा १ खर्ब १६ अर्ब रुपैयाँभन्दा बढी पुगेको हो।

यसैगरी, ८८संयुक्त अरब इमिरेट्स (यूएई)८८सँग ५० अर्ब ३२ करोड रुपैयाँ, इन्डोनेसियासँग २१ अर्ब ९२ करोड रुपैयाँ, थाइल्यान्डसँग १८ अर्ब ३२ करोड रुपैयाँ, अष्ट्रेलियासँग १८ अर्ब २६ करोड रुपैयाँ, ब्राजिलसँग १७ अर्ब ७० करोड रुपैयाँ, मलेसियासँग १५ अर्ब २६ करोड रुपैयाँ तथा अमेरिकासँग ११ अर्ब ९४ करोड रुपैयाँ बराबरको व्यापार घाटा रहेको छ।

यद्यपि, सीमित केही देशसँग भने नेपाल व्यापार नाफामा रहेको छ। सबैभन्दा धेरै नाफा डेनमार्कसँग भएको छ। डेनमार्कबाट २१ करोड ६२ लाख रुपैयाँ बराबरको आयात हुँदा नेपालले १ अर्ब २ करोड रुपैयाँ बराबरको निर्यात गरेको छ। यससँगै डेनमार्कसँग नेपालको व्यापार नाफा ८० करोड ४५ लाख रुपैयाँ पुगेको छ।

यस्तै, नर्वेसँग ८ करोड ८० लाख रुपैयाँ, रोमानियासँग ४ करोड २२ लाख रुपैयाँ र आइसल्याण्डसँग २ करोड ६० लाख रुपैयाँ व्यापार नाफा भएको तथ्यांकले देखाएको छ।

कतिपय साना तथा टापु राष्ट्रसँग नेपालको आयात शून्य रहेको छ। ग्रेनाडा, फिजी, बहामास, बार्बाडोस, सिरियन अरब रिपब्लिक र अंगोलाबाट कुनै आयात नभएकाले यी देशसँग नेपालको व्यापार पूर्ण रूपमा नाफामा रहेको देखिन्छ।

त्यस्तै, अमेरिकन सामोआबाट जम्मा २ हजार रुपैयाँ बराबरको आयात हुँदा नेपालले ४ करोड ४६ लाख रुपैयाँ बराबरको निर्यात गरेको छ। केम्यान आइल्याण्ड्स र पनामाबाट १/१ हजार रुपैयाँ बराबरको मात्र आयात भएको छ भने त्यहाँ क्रमशः १ करोड ४० लाख रुपैयाँ र ३ लाख ३७ हजार रुपैयाँ बराबरको नेपाली वस्तु निर्यात भएको छ।

भन्सार विभागका अनुसार सेसेल्स, नाइजर, माल्दिभ्स, इराक, न्यू क्यालेडोनिया, यमन, जर्जिया, कोलम्बिया, मौरिसस, माली, साइप्रस, क्रोएसिया, घाना, कंगो र जमैकासँग पनि नेपाल व्यापार नाफामा रहेको छ।

तथ्यांकले नेपालको वैदेशिक व्यापारमा आयातको उच्च निर्भरता कायमै रहेको देखाएको छ। सीमित वस्तु र केही मुलुकमा केन्द्रित निर्यातका कारण व्यापार घाटा अझै चुनौतीपूर्ण अवस्थामा रहेको अर्थविद्हरूको भनाइ छ।

# एक वर्षमा २३ केजी खैरो हेरोइन बरामद




दैनिक समाचारदाता

काठमाडौं ७ साउन। नेपालमा पछिल्लो समय भारतबाट खैरो हेरोइन भित्र्याएर बिक्री-वितरण गर्ने गिरोह सक्रिय बन्दै गएको देखिएको छ। पछिल्ला केही दिनमा भएका दुई घटनाले पनि लागुऔषध तस्करीको बढ्दो चुनौतीलाई उजागर गरेका छन्।

साउन ६ गते नेपालगञ्जबाट प्रहरीले रुकुम पश्चिमकी ३३ वर्षीया ललिता बुढाथोकी र नेपालगञ्जकी २४ वर्षीया निशा मगरलाई ४०० ग्राम खैरो हेरोइनसहित पक्राउ गरेको थियो। त्यसको दुई दिनअघि, साउन ४ गते, मोरङको रंगेलीबाट भारतबाट नेपालतर्फ खैरो हेरोइन ल्याउँदै गरेका भारतीय नागरिक मोहम्मद मुन्ना र मोहम्मद मुकुल १०० ग्राम खैरो हेरोइनसहित पक्राउ परेका थिए।

यी घटनाहरू प्रतिनिधिमूलक मात्र भएको र सीमावर्ती क्षेत्रबाट लागुऔषध ओसारपसार गर्ने सञ्जाल अझै सक्रिय रहेको प्रहरी अनुसन्धानले देखाएको छ।

लागुऔषध नियन्त्रण ब्युरोका अनुसार आर्थिक वर्ष २०८२/८३ मा काठमाडौं उपत्यका तथा मातहतका इकाइबाट मात्रै २३ केजी १४१ ग्राम खैरो हेरोइन बरामद गरिएको छ। यस अवधिमा १३ केजी ३४७ ग्राम कोकिन र ७ केजी ८०० ग्राम सेतो हेरोइन पनि बरामद भएको छ, जसले नेपाल अन्तर्राष्ट्रिय लागुऔषध तस्करीको ट्रान्जिट मार्गका रूपमा प्रयोग भइरहेको संकेत गर्छ।

ब्युरोका सहप्रवक्ता डीएसपी जीवन निरौलाका अनुसार सोही अवधिमा ४३ केजी अफिम र थाइल्यान्डबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै ल्याइएको २०४ केजी गाँजा समेत बरामद गरिएको छ। पछिल्लो एक वर्षमा ब्युरोले कुल १३ प्रकारका लागुऔषध नियन्त्रणमा लिएको छ, जसको अन्तर्राष्ट्रिय बजार मूल्य करिब ८५ करोड ७७ लाख ५४ हजार रुपैयाँ बराबर रहेको छ।

मेडिकल प्रयोजनका औषधिको अवैध कारोबार पनि बढ्दो चिन्ताको विषय बनेको छ। एक वर्षको अवधिमा प्रहरीले ५ लाख ४१ हजार ट्रामाडोल क्याप्सुल, ३४ हजार नाइट्राभेट ट्याब्लेट तथा ५५० ग्राम एम्फेटामाइन बरामद गरेको छ।

तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ को तुलनामा २०८२/८३ मा लागुऔषध कारोबारमा संलग्न व्यक्तिको पक्राउ ५.५५ प्रतिशतले बढेको छ। यस अवधिमा १ हजार ७६८ जना पक्राउ परेका छन् भने उनीहरूविरुद्ध ९९३ वटा मुद्दा दर्ता गरिएको छ।

अदालतमा पेस गरिएका १ हजार ३१५ जना आरोपीमध्ये १ हजार ११३ जना पुर्पक्षका लागि थुनामा रहेका छन्। साथै, विगतमा कारागार र प्रहरी हिरासतबाट फरार भएका ५१ जना लागुऔषध कारोबारीलाई पनि पुनः पक्राउ गरी कानुनी प्रक्रियामा ल्याइएको ब्युरोले जनाएको छ।

प्रहरीका अनुसार लागुऔषध कारोबार केवल कानुनी अपराध मात्र नभई गम्भीर जनस्वास्थ्यको समस्या पनि हो। प्राविधिक विश्लेषणअनुसार १ ग्राम खैरो हेरोइनले करिब १० जनासम्मलाई गम्भीर असर पुऱ्याउन सक्छ। यस आधारमा एक वर्षमा बरामद भएको २३ केजीभन्दा बढी खैरो हेरोइन बजारमा पुगेको भए २ लाख ३० हजारभन्दा बढी मानिसको स्वास्थ्य र जीवन जोखिममा पर्ने अवस्था सिर्जना हुन सक्थ्यो।

लागुऔषध नियन्त्रण ब्युरोले सीमावर्ती क्षेत्रमा निगरानी, विशेष अपरेसन र अन्तरनिकाय समन्वयलाई थप प्रभावकारी बनाउँदै लागुऔषध तस्करी नियन्त्रण अभियानलाई निरन्तरता दिइरहेको जनाएको छ।

# साइकलयात्रीको मृत्यु

झापा, ७ साउन। झापाको दमकमा कार, मोटरसाइकल र साइकल एकापसमा ठोक्किँदा साइकलयात्रीको मृत्यु भएको छ भने मोटरसाइकल चालक घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार बुधबार साँझ दमक नगरपालिका-४ स्थित भाइरल रोडको सङ्गम चोक नजिक आम्दाबाट ताराबारीतर्फ जाँदै गरेको प्रदेश १-०२-००२ च ५४८२ नम्बरको कारले सोही दिशातर्फ अघि बढिरहेको साइकललाई ठक्कर दिएको थियो। कारको ठक्करपछि साइकल अनियन्त्रित भई सडकमा लडेपछि पछाडिबाट आइरहेको प्रदेश १-०१-०१५ प १४४ नम्बरको मोटरसाइकलले पनि साइकलयात्रीलाई ठक्कर दिएको प्रहरीले जनाएको छ। दुर्घटनामा दमक नगरपालिका-३ निवासी ५३ वर्षीय रणबहादुर विष्ट गम्भीर घाइते भएका थिए। उनको टाउको, दुवै हात तथा खुट्टामा गम्भीर चोट लागेको थियो। उपचारका लागि बिर्तामोडस्थित बी एन्ड सी अस्पताल लगिएकामा बिहीबार बिहान उपचारकै क्रममा उहाँको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय झापाका सूचना अधिकारी तथ प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिनुभयो।दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक मेचीनगर नगरपालिका-८ निवासी ४६ वर्षीय दुर्गाबहादुर बस्नेतको निधार, दुवै हात तथा खुट्टामा चोट लागेको प्रहरीले जनाएको छ। प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ। रासस

# त्रिवि वार्षिकोत्सवमा पक्राउ परेका २३ विद्यार्थी रिहा

दैनिक समाचारदाता

काठमाडौँ ७ साउन। त्रिभुवन विश्वविद्यालय (त्रिवि)को ६७औँ वार्षिक दिवसका अवसरमा प्रदर्शनका क्रममा पक्राउ परेका २३ जना विद्यार्थीलाई प्रहरीले बिहीबार मुचुल्का गराई रिहा गरेको छ।सहकुलपतिसमेत रहेका शिक्षा, विज्ञान तथा खेलकुदमन्त्री सस्मित पोखरेलविरुद्ध नाराबाजी गर्दै प्रदर्शन गर्ने क्रममा उनीहरूलाई कार्यक्रमस्थलबाट नियन्त्रणमा लिइएको थियो। पक्राउ पर्नेमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)का उपसभापति सनम वली, सचिव हिक्मतकुमार बुढा, शंकरदेव क्याम्पसका अखिल संयोजक दिनेश रेग्मी तथा कुलबहादुर बुढा, डम्बरसिंह ऐरी, प्रकाश सन्जेललगायत रहेका थिए।

यसैबीच, त्रिवि केन्द्रीय क्याम्पस स्ववियुले विश्वविद्यालयको वार्षिक दिवस कार्यक्रममा आफ्ना पदाधिकारी तथा विद्यार्थीलाई प्रवेश गर्न नदिई पक्राउ गरिएको घटनाप्रति




आपत्ति जनाएको छ।

स्ववियु अध्यक्ष दीपक राज जोशीले आफ्नै विश्वविद्यालयको कार्यक्रममा विद्यार्थी प्रतिनिधिलाई सहभागी हुन नदिनु लोकतान्त्रिक मूल्य-मान्यता, अभिव्यक्ति स्वतन्त्रता र विद्यार्थी सहभागितामाथिको प्रत्यक्ष हस्तक्षेप भएको बताएका छन्।

स्ववियुले जारी गरेको विज्ञप्तिमा त्रिभुवन विश्वविद्यालयका लागि पर्याप्त बजेट विनियोजन गर्न, विश्वविद्यालयको नीति तथा कार्यक्रम शीघ्र सार्वजनिक गर्न, त्रिवि सभाको (सिनेट) बैठक तत्काल बोलाउन तथा मेरिटोक्रेसी पूर्ण रूपमा कार्यान्वयन गर्न माग गरिएको छ। विज्ञप्तिमा विश्वविद्यालयको स्वायत्तता सुदृढ गर्न प्रधानमन्त्री कुलपति रहने वर्तमान व्यवस्था पुनरावलोकन गर्नुपर्ने विषय पनि उठाइएको छ। स्ववियुले समस्याको समाधान संवादबाट खोज्नुपर्नेमा दमन र निषेधको नीति अपनाइएको भन्दै असन्तुष्टि जनाएको छ।

उता, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) निकट अखिल (क्रान्तिकारी) ले पनि शान्तिपूर्ण प्रदर्शनमाथि प्रहरीले बल प्रयोग गरेको भन्दै घटनाको विरोध गरेको छ।

# शंकरलाल अग्रवाललाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश

दैनिक समाचारदाता


काठमाडौँ ७ साउन। उच्च अदालत पाटनले जगदम्बा स्टिल लिमिटेडका सञ्चालक शंकरलाल अग्रवाललाई बैंकिङ कसुर मुद्दामा पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको छ। न्यायाधीशद्वय अर्जुन प्रसाद कोइराला र कविप्रसाद न्यौपानेको संयुक्त वाणिज्य इजलासले अग्रवाललाई नख्खु कारागार पठाउन आदेश दिएको हो।

अदालतको आदेशमा भनिएको छ, 'जगदम्बा स्टिलको खाता सञ्चालन गर्ने अधिकार पाएका परिवारका सदस्यहरूले व्यावसायिक प्रयोजनका लागि लिएको ऋण अन्यत्र प्रयोग गरी बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ८ बमोजिमको कसुर गरेको देखिन आएको छ।' अग्रवालको बैंक खाता प्रयोग गरी जटिल तहकिकरण भएको र वित्तीय कारोबारमा जोखिम पुऱ्याएको भन्दै मुद्दाको किनारा नलागेसम्म उनलाई थुनामै राखेर प्रक्रिया अगाडि बढाउन भनिएको छ।

जगदम्बा स्टिल लिमिटेडले नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको अगुवाईमा रहेको कन्सोरियम बैंकहरूबाट वर्किङ क्यापिटल लोन (चालु पुँजी कर्जा) लिएको थियो। तर, उक्त कर्जा जुन प्रयोजनका लागि लिइएको हो, सो काममा प्रयोग नगरी जग्गा खरिद र अन्य कम्पनीको शेयर लगानीमा दुरुपयोग गरिएको पाइएको छ।

नेपाल राष्ट्र बैंकको विशेष स्थलगत निरीक्षण प्रतिवेदनका अनुसार, जगदम्बा स्टिलले लिएको ऋण रकम सहप्रतिवादी दीपक भट्टको जग्गा खरिद गर्न र निजकै स्वामित्वमा रहेको इन्फिनिटी होल्डिङ्स प्रालि को शेयर खरिदमा प्रयोग गरिएको देखिएको छ। अदालतले यस प्रक्रियामा लेयरिङ (रकमलाई घुमाएर विभिन्न खातामा पठाउने प्रक्रिया) गरी बैंक कर्जाको दुरुपयोग गरिएको ठहर गरेको छ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४